आज मिति २०७७ साल मंसिर ७ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: प्रथम चौमासिक प्रगती समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: विद्यालय अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं.३: पुनर्ताजगी तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.४: कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: नियमावली पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.८: प्रधानाध्यापक नियुक्ती समर्थन सम्बन्धमा ।
प्रस्ताव नं.९: नागरिक अभिमत/मत सर्वेक्षण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: इजाजत पत्र नवीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: विभिन्न योजनामा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२: पसल कवलहरु भाडामा दिने सम्बन्धमा ।
प्रस्तावना १३: प्रहरी चौकी स्थापना सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७/०७८ को प्रथम चौमासिक अवधिसम्ममा नगरपालिका कार्यालय तथा वडा कार्यालयद्वारा सम्पादित भौतिक पूर्वाधार निर्माण, दैनिक सेवा प्रवाह लगायतका कार्यहरुको प्रगती समिक्षा गर्दै सम्पूर्ण वडाहरुका वडागत चुनौती एवं अवसर र सम्भावनाहरु उपर विवेचना गरी वडा स्तरीय एवं नगर स्तरीय योजना कार्यान्वयन लगायत कृषि, भेटेरीनरी तथा मानव संशाधन विकासका कार्यक्रमहरुलाई अझ प्रतिफलमुखी बनाउन वार्षिक कार्ययोजना अनुसार योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ का कारण सिर्जना हुन गएको असहज परिस्थितिका बावजुद पनि विद्यालयहरुमा पठन-पाठन सुचारु गर्नुपर्ने बाध्यात्मक अवस्थालाई मध्यनजर गरी यस नगरपालिकाबाट जारी भएको "विद्यालय सञ्चालन सहजीकरण निर्देशिका, २०७७" बमोजिम हाल व्यास नगरपालिका अन्तर्गतका क्याम्पस तथा सामुदायिक एवं निजी विद्यालयमा पठन-पाठन सुचारु गरिएकोमा निर्देशिकाद्वारा निर्दिष्ट मापदण्डको पालन लगायतका अन्य विविध पक्षहरुको नियमित अनुगमन गर्ने कार्य सम्बन्धित वडा समितिबाट नै हुने गरी नगर शिक्षा समितिको समन्वयमा चेकलिष्ट समेत तयार गरी वडा कार्यालयलाई लेखी पठाउने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको दैनिक सेवा प्रवाहलाई थप गुणस्तरीय एवं जनमुखी गराउने उद्देश्यका साथ कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयसँग सम्बन्धित पुनर्ताजगी तालिम सञ्चालन गरीदिन प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखरामा अनुरोध गरी पठाइएकोमा तालिम कार्यक्रम स्वीकृत भई आए अनुसार यही २०७७ मंसिर २२ गतेदेखि २६ गतेसम्म तालिम सञ्चालन गर्ने गरी कार्यक्रम तय गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको पत्रद्वारा माग भई आए अनुसार फोहोरमैला व्यवस्थापन कार्यक्रम अन्तर्गत यस नगरपालिकाको समेत साझेदारीमा कार्यक्रम सञ्चालन हुने गरी आयोजना प्रस्ताव तयार गरी निर्धारित म्यादभित्र सम्बन्धित निकायमा पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको "व्यास नगरपालिका युवा परिषद् नियमावली, २०७७" उपर दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा पर्यटकीय क्षेत्रको विकासको दृष्टिले प्रचुर सम्भावना बोकेको यस नगरपालिका वडा नं. ५ स्थित मानुङकोट क्षेत्रको पर्यटकीय विकास एवं प्रवर्द्धनमा चासो राखी

गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री माननीय किरण गुरुङ्गज्यू, संघ तथा प्रदेशका माननीयज्यूहरु, पर्यटन विद् श्री जुद्ध गुरुङ्ग लगायतका महानुभावज्यूहरुले स्थलगत रुपमा सो क्षेत्रको भ्रमण गर्नु भएकोमा हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्दै गण्डकी प्रदेश सरकारसँग मानुङ्ग जाने बाटोमा रेलिङ्ग निर्माण, मानुङ्ग क्षेत्रमा लिफ्टिङ्ग खानेपानी योजना र पर्यटकहरुको विश्रामका लागि सेडहरु निर्माण गर्ने गरी आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७७/०७८ का लागि कृषि तथा पशुपंक्षी विकासतर्फ सशर्त अनुदानबाट स्वीकृत भई आएका कार्यक्रमहरुमा स्थानीय तहको ५० देखि १०० प्रतिशतसम्मको लागत सहभागिता रहने गरी साझेदारी रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस नगरपालिकासँग लागत साझेदारीताका लागि आवश्यक रकम नभएको हुँदा केन्द्रबाट विनियोजित रकममा स्थानीय कृषकहरुको लागत सहभागीता हुने गरी साझेदारितामा कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक प्रकृया अगाडि बढाउन आर्थिक पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित श्री सर्वज्योति माध्यमिक विद्यालयमा प्रधानाध्यापक पदमा कार्यरत शिक्षक श्री कश्यपराज कट्टेल निर्मल मा.वि. सरुवा हुनु भई प्रधानाध्यापक पद रिक्त हुन गएकोले रिक्त सो पदमा सरुवा भई आउनु भएका नि.मा.वि. प्रथम श्रेणीका श्री भरत काफ्लेलाई प्रधानाध्यापक पदमा विद्यालयबाट गरिएको नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नेपालको संविधान २०७२ जारी भएसँगै भएको राज्य पुर्नसंरचना बमोजिम २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट यस नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको करिव ३ वर्ष भन्दा बढी अवधि पूरा भई सकेको परिप्रेक्ष्यमा हालसम्म जननिर्वाचित प्रतिनिधिका हैसियतले सम्पादित कार्यहरुका आधारमा यस नगरपालिकाको सेवाको गुणस्तर, जनचाहना लगायतका पक्षहरुका सम्बन्धमा नागरिक मत सर्वेक्षण गरी प्राप्त हुने नागरिक अभिमतका आधारमा यस नगरपालिकाको भावी नीति, कार्यक्रम र योजनाहरु छनौट गरी प्राथमिकताका आधार र कार्यान्वयन सम्बन्धी मौजूदा पद्धती र अवधारणाहरुको विकल्पको सुनिश्चितता गर्ने उद्देश्यका साथ Share Cast Initiative Nepal सँग सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को कारण देखाई आफ्नो निर्माण व्यवसायी इजाजत पत्र नवीकरण हुन छुट भएको व्यहोरा सहित व्या.न.पा. वडा नं. ४ निवासी श्री भुवन दरैले आवेदन पेश गरेको हुँदा नियमानुसारको विलम्ब शुल्क लिई आ.व.२०७५/०७६ र २०७६/०७७ को लागि नवीकरण गरी दिने निर्णय गरियो । साथै २०७७ पौष मसान्तभित्र समान प्रकृतिका अन्य आवेदनहरु दर्ता हुन आएको खण्डमा यसै मुताविक हुने गरी नवीकरण प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा निम्न शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | हरिमाया थापा विपदमा परी भैसी मरेको | १० | २०,०००। | विपद् व्यवस्थापन |
| २. | कुलुङ-छाब्दी मार्गबाट रासी भन्ज्याङ जोड्ने मार्ग निर्माण | १४ | १७१,००० | १२७ |
| ३. | रासी भन्ज्याङ खानेपानी सरसफाई योजना | १४ | २००,०००। | १२२ |
| ४. | सिमलटार नरङ्गाफाँट खानेपानी मोटर घर निर्माण | ७ | १६०,०००। | १२२ |
| ५. | अलैंचेखोला फेदीखोला दैवी प्रकोप व्यवस्थापन | ६ | १२५,०००। | विपद् व्यवस्थापन |
| ६. | कुलुङ पर्यटन स्थल शौचालय निर्माण | १४ | ८०,०००। | १२७ |
| ७. | बजार क्षेत्रमा ट्राफिक जेब्रा कसिङ निर्माण | | १००,०००। | १२७ |

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनको भूंइतलामा रहेका केही पसल कवलहरु लामो समयदेखि भाडामा नगएको कारण खाली रहेकोमा मुक्तिनाथ विकास बैंक दमौली शाखाद्वारा हाल कार्यालय रहेको स्थानबाट स्थानान्तरण गरी आफ्नो शाखा कार्यालय स्थापनाका लागि पसल कवल भाडामा उपलब्ध गराई दिनु भनी अनुरोध भई आएको हुँदा भूंइतलाका पसल कवल नं.१२३, १२४, १२५, १२६, १२७, १२८, १२९, १३०, १३१, १३२, १३३, १३४, १३५, १३६ (२३०० वर्गफिट) मंसिर महिनाभर निर्माण अवधि मान्य हुने गरी २०७७ पौष महिनादेखि लागू हुने गरी सम्पूर्ण करहरु सहित मासिक रु.१,१०,०००। (एक लाख दश हजार रुपैयाँ) भाडा लिने शर्तमा हाललाई बढिमा पाँच वर्षको लागि भाडामा दिने साथै उल्लेखित पसल कवलमा रहेका अन्य पसलहरुलाई उनीहरुको माग बमोजिम नै खाली रहेका अन्य पसल कवलमा नियमानुसारको भाडा लाग्ने गरी स्थानान्तरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.५ स्थित मानहुँडाँडा पर्यटकीय आकर्षणको केन्द्र विन्दु बन्दै गइरहेको परिप्रेक्ष्यमा केही समय यता सो क्षेत्रको दृश्यावलोकनको लागि आन्तरिक तथा वाह्य पर्यटकहरुको आवागमनमा दिनानुदिन बृद्धि हुँदै गएकोले सुरक्षा संवेदनशीलताको दृष्टिकोणले सो क्षेत्रमा प्रहरी चौकी स्थापना गर्नुपर्ने आवश्यकता देखिन आएको हुँदा सम्बन्धित निकायमा प्रहरी चौकी स्थापनाको लागि माग गरी पठाउने र स्थायी रुपमा प्रहरी चौकी स्थापना नभएसम्मका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाई दिन जिल्ला प्रशासन कार्यालय तनहुँलाई अनुरोध गरी पठाउने र सोको लागि आवश्यक व्यवस्थापकीय पक्षका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय तनहुँसँग समन्वय गरी आवश्यक व्यवस्थापन यस नगरपालिकाले गर्ने निर्णय गरियो ।